Email : pmamp.piu.rautahat@gmail.com
Phone : 055-565078/9855042031
Website : www.piurautahat.pmamp.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
## परियोजना कार्यान्वयन एकाइ, रौतहट ।

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९/११/११ गते**

**विषयः- <u>दररेट कबुल सम्बन्धी सूचना ।</u>**

प्रस्तुत विषयमा यस परियोजना कार्यान्वयन एकाइ, रौतहटको चालु आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार जोन विकास कार्यक्रम अन्तर्गतका लाभग्राहीहरुलाई अनुदानमा साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रमका लागि वितरण गरिने सामग्रीहरुमा एकरुपता कायम गर्न यस एकाइले तयार गरे अनुसारको प्राविधिक स्पेसिफिकेशन सहितको सामग्रीहरुको आपूर्ति गर्न ईच्छुक उत्पादक कम्पनी, आधिकारिक बिक्रेता वा आपुर्तिकर्ताहरुबाट मिति २०७९/१०/१८ गते प्रथम पटक प्रकाशित १५ दिने सूचना अनुसार सिलबन्दी दररेट माग गरिएको थियो ।

प्रथम पटक प्रकाशित सूचना अनुरुप यस एकाइमा कुल ५ वटा आपूर्तिकर्ताहरुबाट प्राप्त हुन आएको सिलबन्दी दररेटहरुको प्राविधिक मुल्यांकन तथा ६० फिट गहिरो स्यालो ट्यूवेल सिंचाई जडानलाई आधार बनाई गरिएको तुलनात्मक आर्थिक मूल्यांकनको प्रतिवेदनको आधारमा बसेको मुल्यांकन समितिको बैठकको निर्णय अनुसार स्यालो ट्यूवेल जडानको हकमा ४ ईन्च व्यास भएको HDPE pipe system को सबै भन्दा न्युनतम दररेटको प्रस्ताव श्री उषा ट्रेडर्स, मलंगवा-०६, सर्लाही र ४ ईन्च व्यास भएको UPVC pipe system को सबै भन्दा न्युनतम दररेटको प्रस्ताव श्री गौरव एग्रो कन्सर्न, मलंगवा-१०, सर्लाहीको दररेटलाई कबुल गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

११।११
..................
दिपक कुमार मिश्र
नि.बरिष्ठ कृषि अधिकृत